# पशुधन बिमाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने कार्यविधि २०७७

## प्रस्तावना

पशुपालन व्यवसायमा भएका जोखिमहरुको न्युनिकरण गरी कृषकहरुको लगानी सुरक्षित गर्दै यिनको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न कृषकहरुलाई पशुपन्छिको बिमाको प्रिमियममा थप अनुदान प्रदान गर्न बाञ्छनीय भएकोले, स्वर्गद्वारीनगरपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद: १

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस कार्यविधिको नाम  पशुघन बिमाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने कार्यविधि २०७७ रहेकोछ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि २०७८ असार मसान्त सम्म स्वर्गद्वारी नगरपालिका भर लागू हुनेछ। कार्यक्रमको प्रभावकारीता हेरी समय थप गर्न सकीनेछ।

२. परिभाषाः  बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,-

(क)" पशुधन" भन्नाले घरपालुवा पशु र पन्छी सम्झनु पर्छ। यस शब्दले मत्स्यपालनलाई समेत जनाउँदछ।

(ख) "बीमक" भन्नाले बीमा ऐन २०४९ बमोजिम दर्ता भएको बीमा कम्पनी सम्झनु पर्दछ। यस शब्दले पुनर्विमकलाई समेत जनाउदछ।

(ग) "बीमित" भन्नाले बाली वा पशुपन्छीको बीमा गराउने ब्यक्ती वा परीवार वा कृषि फर्म वा कृषक समुह वा कृषक समिति वा कृषक सहकारी सम्झनु पर्छ।

(घ) "बीमालेख" भन्नाले बीमा समितिबाट जारी गरीएको बीमालेख सम्झनु पर्छ ।

(ङ) कार्यालय भन्नाले स्वर्गद्धारी नगरपालीका नगर कार्यपालीकाको कार्यालय सम्झनु पर्छ ।

(च) शाखा भन्नाले  स्वर्गद्धारी नगरपालीका पशुसेवा शाखा  सम्झनु पर्छ ।

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन प्रक्रिया

३. सुचना प्रकाशनः कार्यालय ले अनुसुचि -१ बमोजीम को कम्तीमा १५(पन्ध्र) दीने सुचना प्रकाशन गरी आ.ब. २०७७/७८ भित्र पशुधनको बीमा गरेका  कृषक हरुलाई यस कार्यक्रममा सहभागी हुन आह्वान गर्ने सक्ने छ ।

४. आवेदन संकलनः दफा ३. बमोजीम सुचना प्रकाशित भए पश्चात बीमितले नजिकको वडा कार्यालयमा बीमालेख को प्रतीलीपी र नागरीकताको प्रमाणपत्रको (फर्म,समुह,समिति को हकमा दर्ता प्रमाणपत्रको) प्रतिलीपि सहीत  निबेदन  पेस गर्नुपर्नेछ ।

५. वडा कार्यालयहरुमा संकलन भएका आवेदनहरु उपर  नियमितरुपमा शाखाले आवस्यक जाँचवुझ गरी लाभग्राहीको सुचि प्रकाशन गर्ने छ।

## परिच्छेद ३
## भुक्तानी प्रक्रीया

६. बमिाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने प्रक्रिया :

(१) पशुधनको प्रीमियममा थप अनुदान प्रदान गरिने रकम बार्षीक बजेट तथा स्वीकृत कार्यक्रमको सीमा भित्र रही दिइनेछ।

(२) यस कार्यक्रमबाट लाभान्वित हुन कृषकले आफ्नो पशुधन को बीमा अनिवार्य गरेको हुनुपर्नेछ। र बीमा गर्दा प्रिमियम (७५%संघिय सरकार बाट अनुदान बाहेक) आफैले भुक्तानी गरेको हुनुपर्नेछ ।

(३) प्रिमियममा ७५%संघिय सरकार बाट अनुदान प्रदान हुदै आएकोमा नगरपालिकाबाट प्रिमियम रकमको १२.५ % थप अनुदान रकम प्रदान गरिनेछ। तर अनुदान रकम रु ५० भन्दा कम हुन आएमा कार्यालय भुक्तानी दीन बाध्यहुने छैन ।

(४) थप अनुदान भुक्तानी गर्दा रु ५०० सम्म को रकम वडा कार्यालयबाट, रु ५०१ देखी ५००० सम्मको रकम शाखा बाट नगदै भुक्तानी दीन सकिनेछ भने २०००० सम्म चेक मार्फत र सो भन्दा माथी बैंकखाता मार्फत भुक्तानी गरिनेछ।

(५) यस कार्यविधीमा अन्यत्र जे सुकै लेखीएको भएपनी कुनै सरकारी वा गैर सरकारी निकाय वाट विमामा कुनैपनी अनुदान प्राप्त गरेको पशुधन को लागी भने थप अनुदान उपलब्ध गराइने छैन

## परिच्छेद-४
## बिभिद

७. अनुगमन,मुल्यांकन तथा प्रतिवेदन : कार्यकमको अनुगमन कार्यालय र शाखाले गर्नेछन। कार्यकमको प्रभावकारीता को मुल्यांकन गरी पृष्ठपोषण र आवस्यकता अनुसार परीमार्जन गर्ने वा कार्यकमलाइ निरन्तरता दिने नदिने संवन्धमा राय दिन आर्थीक विकास समितिका संयोजक ज्यु को संयोजकत्वमा एक समिति गठन गर्न सकिने छ।

८. कार्यविधिको व्याख्या: यस कार्यविधिको अन्तिम व्याख्या कार्यालय ले गर्नेछ।

९. प्रचलित कानुन वमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका विसयहरु यसै कार्यविधि वमोजिम तथा उल्लेख नभएका विषयहरु प्रचलित कानुन वमोजिम हुनेछ।

अनुसूचीहरु

अनुसूची-१

( परिच्छेद-२ को ३ सँग सम्बन्धित)

सूचना को ढाँचा

स्वर्गद्वारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भिगृ, प्यूठान

मिति ......................

यस नगरपालिका पशु सेवा शाखाको  को आ.व. ................... को वार्षिक स्विकृत कार्यक्रम अनुसार पशु विमामा थप सहुलियत कार्यक्रम संचालन गर्नुपर्नेहूदा यस आ.व.मा आफ्ना पशुधनको विमा गराउनु भएका इच्छुक कृषक/कृषक समुह/फर्म/सहकारी हरुले मिति ............................. सम्म यस नगरपालिका अन्तर्गत का वडा कार्यालय हरुमा आवस्यक कागजात सहीत आवेदन दिनुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरीएको छ।

निवेदन साथ पेस गर्नुपर्ने कागजाात हरु

१.नेपाली नागरीकताको प्रतिलिपि

२. पशु  विमाको विमालेख को प्रतिलिपि (सम्बन्धित कृषक को नाममा उक्त विमा लेख नभएमा एकाघर को सदस्य हो भनि वडा कार्यालय को सिफारीस समेत)

३.अन्य कुनै निकायबाट प्रिमियममा अनुदान नलिएको स्व-घोषणा पत्र

४.संस्थागत लाभग्राहीको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपि

अनुसूची-२
( परिच्छेद-२ को ४ सँग सम्बन्धित)
निवेदन को ढाँचा

मिति .....................

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
स्वर्गद्वारी नगरपालिका नगरकार्यपालिकाको कार्यालय
भिगृ,प्यठान

विषयः पशु विमामा थप सहुलियत कार्यक्रम मा सहभागी हुन पाउ

प्रस्तुत विसयमा तहाँ कार्यालयको मिति ................... मा प्रकाशित सुचना अनुसार यस नगरपालिका ....................... वस्ने/अवस्थित ............................. ......को .गोठमा/........................ फर्ममा पालेका तपशिल बमोजीमका पशु हरु को विमा ........................................ कम्पनी मार्फत गरेको हुदा तहाँ कार्यालय बाट पाउनु पर्ने थप अनुदान कार्यक्रममा सहभागी गराइदीनु हुन यो निवेदन पेस गरेको छु।

निवेदक
नामः ............................ठेगाना .....................
फर्मः ............................
सम्पर्क नं. .......................
बैंक खाता नं. ................. बैक. .... शाखा.........

तपशिल

| क.सं. | पशु को ट्याग नं | पशुको किसिम | बिमाङ्क रकम | प्रिमीयम | माग गरीएको अनुदान -प्रिमियम को १२.५%) | कैफीयत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

जम्मा अक्षरुपि .....................................